# खजुरा गाउँपालिका

## गाउँ कार्यापालिकाको कार्यालय

बागेश्वरी बाँके

५ नं. प्रदेश, नेपाल

प.स. ०७६/०७७ (प्रशासन)
च.न.

मिति २०७७/०३/०१

### खजुरा गाउँपालिकाको सेवा प्रवाह सम्बन्धी अत्यन्त जरुरी सुचना

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०२/२८ को निर्णय अनुसार मिति २०७७/०३/०१ गते देखि सरकारी कार्यालयहरु दुई सिप्टमा संचालन गर्ने व्यवस्था गरिएकोमा यस कार्यालयले कोभिड -१९ को कारण लामो समयको बन्दाबन्दी पश्चात सेवाग्रहीहरुको चाप बढ्न सक्ने अवस्था र महामारीबाट सुरक्षित रुपमा सेवा प्रवाह गर्नुपर्ने अवस्थालाई ध्यान दिंदै कार्यालयमा भएको जनशक्तिको अवस्था र हाल सम्मको सेवा प्रवाह अवस्थाको बिचमा तालमेल मिलाउँदै सेवाग्रही र कार्यालय दुवैलाई सामाजिक दुरी कायम गदै भिडभाड नगरी सहज रुपमा सेवा लिनेदिने व्यवस्थाका लागि देहाय बमोजिम योजना बनाइएको छ । सोही बमोजिम सेवा लिन आउनुहुन सम्पूर्ण सेवाग्रही र सर्वसाधरणमा विनम्र अनुरोध छ ।

१.आज मिति २०७७०३।०१ गतेबाट आगामी असार मसान्त सम्म यस कार्यालयले नयाँ मोडालिटीमा सेवा संचालन गरिने छ ।

२. यस गाउँपालिका भित्र संचालित तथा कार्यान्वयनमा रहेका आयोजनाहरुको लागि कार्य सम्पन्न गरि मिति २०७७ असार २० गते भित्र भुक्तानी लिई सक्नु पर्नेछ ।

३. सेवा प्रवाहमा संलग्न कर्मचारी तथा सेवाग्रही सबैले सामाजिक दुरी कायम गर्नुपर्नेछ ।

४. सेवाग्रहीहरु जो नजिकमा बस्ने र युवा वर्गलाई मध्यान्न १२ बजेपछि र अन्य सेवाग्रहीलाई दिउँसो तथा निजको आवश्यकता अनुसार समय दिईने छ ।

५. कार्यालयमा दिनमाा बढिमा ५० जना सेवाग्रहीलाई सेवा दिईने व्यवस्था गरि अनावश्यक भिडभाड नहुने व्यवस्था गरिनेछ ।

बम बहादुर के.सी.
प्रमुख प्रशासकिय अधिकृत

६. सेवाग्रहीहरुले कार्यालय प्रवेशद्वारमा राखिएको साबुन पानीले राम्रोसँग हात धोएर मात्र कार्यालयमाा प्रवेश गर्नुपर्नेछ ।

७. सेवाग्रहीले अनिवार्य रुपमा मास्क लगाएको हुनुपर्नेछ र सामाजिक दुरीको ख्याल गर्नुपर्नेछ

८. सेवा प्रवाहको क्रममा अपाङ्ग, अशक्त, वृद्धवृद्धा र कार्यको प्रकृति अनुसार आवश्यकता देखिएमा प्राथमिकता दिईने छ ।

९. यस कार्यालयबाट दिईने सिफारिस पत्र लगायत कुनै पनि किसिमको सिफारिस लिनको लागि समय लिईरहनु पर्ने छैन तर यो सेवा दिनको ३ बजे देखि ५ बजे सम्म मात्र हुनेछ ।

१०. सेवा प्रवाहलाई उपरोक्त अनुसार व्यवस्थित गर्न सम्पूर्ण वडा कार्यालयहरु र विषयगत शाखाहरुले आ-आफ्नो कार्यालयमा आवश्यक व्यवस्था गर्नुपर्नेछ । यसका लागि आवश्क परेमा गाउँपालिका कार्यालयमा सम्पर्क राखी समन्वय गर्नुहुन अनुरोध छ ।

११. सेवा लिनका लागि कार्यालयको टेलिफोन नं. ०८१५६०१८१ मा सम्पर्क गरी गेटमा सुरक्षा गार्डलाई व्यक्तिगत नाम र कामको विवरण टिपाई समय लिनुपर्नेछ ।

" कार्यालयको सेवा प्रवाहलाई सरल, सहज, र व्यवस्थित बनाऔ, कोरोना भाईरसको जोखिम कम गर्दै अन्त्य गर्न सबै क्रियाशिल होऔ "

**प्रशासन शाखा**

२०७७/१/२२

**प्रमुख प्रशासकीय अधिकृत**
**खजुरा गाउँकार्यपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय ।**

गाउँ कार्यपालिकाको कार्यालय खजुरा गाउँपालिका बाँके

बम बहादुर के.सी.
प्रमुख प्रशासकिय अधिकृत